"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
## गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३।०८४

चलानी नं. :

मिति : २०८३।०५।१५

ने.स. ११४६ गुंलागा ३ सोमवार

**सूचना नं. : २५**

## तीज विशेष कार्यक्रम स्थगन सम्बन्धी सूचना !!

२०८३ साल भाद्र १० गते बुधवार विहान रसुवा जिल्लाको भोटेकोशी तथा त्रिशुली नदीमा अचानक आएको बाढीका कारण नदि आसपासका क्षेत्रमा भएको मानवीय एवं भौतिक क्षतिप्रति यस विहादी गाउँपालिका परिवार अत्यन्त दु:खित भएको छ ।

उक्त प्राकृतिक विपद्का कारण अमुल्य जीवन गुमाउनुहुने सम्पूर्ण मृतकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना तथा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौ ।

उक्त प्राकृतिक विपत्तिमा परि घाईते हुनुभएका सम्पूर्ण नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै पिडित नागरिकहरुलाई तत्कालीन राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुर्याउने उद्देश्यले विहादी गाउँपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०८३।०५।११ गतेको निर्णयानुसार विहादी गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट नेपाल सरकार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. १,५०,५५५/- अक्षेरुपी एक लाख पचास हजार पाँच सय पचपन्न रुपैयाँ सहयोग उपलब्ध गराईने निर्णय भएको छ ।

उक्त विषम परिस्थितिका कारण विहादी गाउँपालिकाद्वारा नेपाली नारीहरुको महान पर्व हरितालिका तीज, २०८३ को पावन अवसरमा मिति २०८३।०५।२१ गते आईतवार आयोजना गरिएको तीज गीत तथा नृत्य प्रतियोगिता अर्को सुचना प्रकाशन नभए सम्मको लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

मिना शर्मा तिवारी

का.वा. अध्यक्ष